# नेपाल राजपत्र

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

काठमाडौं, फागुन ५ गते २०३१ साल

श्री ५ को सरकार

### निर्माण तथा यातायात मन्त्रालयको

### सूचना

जग्गा प्राप्ति ऐन, २०१८ को दफा ७ को उप–दफा (१) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले गोरखा पालुङ्गटार विमानस्थलमा नन् डाईरेक्शनल विकन र जेनरेटर भवन समेत निर्माण कार्यको लागि गण्डकी अञ्चल, गोरखा जिल्ला, पालुङ्गटार गाउँ पञ्चायत अन्तर्गत वडा नं. ९ मा पर्ने निम्नलिखित जग्गा प्राप्त गर्ने निर्णय गरेकोले सम्बन्धित जग्गाधनीले जग्गाको मोल र अरू नोक्सानी बापत यस ऐन र जग्गा प्राप्ति नियमहरू, २०२६ बमोजिम क्षतिपूर्ति पाउने हुँदा यो सूचना प्रकाशित गरिएको छ।

पूर्व धनबहादुर भट्टराई तथा दिल्लीराज कडेलको पाखो जग्गाको साँध, पश्चिम हवाई ग्राउण्डको फेन्सिङतार सीमाना साँध, उत्तर दिल्लीराज कडेलकै बाँकी जग्गाको साँध, दक्षिण मानबहादुर श्रेष्ठको जग्गा साँध यति ४ किल्लाभित्रको शम्भुराज जिम्माको ०९५ सालको मोठ् लगतबमोजिम कि. नं. ११३ बाट १–१०–५, कि. नं. १२६ बाट ३–१०–०, कि. नं. १२९ बाट ७–१०–०, कि. नं. १३१ बाट ०–१५–०, कि. नं. १४२ बाट १–०–० समेतको जम्मा मालपोत रू. ७।३३।१ ( सात रूपैयाँ तेतीस पैसा एक दाम) लाग्ने जम्मा माटो मुरी १४–५–५ (चौध मुरी पाँच पाथी पाँच माना) को किस्ता ।

आज्ञाले–

नारायणप्रसाद अर्जेल

श्री ५ को सरकारको सचिव

669



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

श्री ५ को सरकार

## निर्माण तथा यातायात मन्त्रालयको

## सूचना

सार्वजनिक सडक ऐन, २०३१ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले महेन्द्र-राजमार्गको हेटौंडा-नारायणगढ खण्डलाई (क) वर्गमा राखी केन्द्र रेखादेखि दायाँ बायाँ २५।२५ मिटर गरी जम्मा ५० मिटर सीमा तोकेको र साथै उक्त सडकको सम्बन्धमा सोही ऐनको दफा २ को देहाय (घ) बमोजिम स्थानीय अधिकारीमा नारायणी अञ्चल‍ अञ्चलाधीशलाई तोकेको छ ।

आज्ञाले-
नारायणप्रसाद अर्जेल
श्री ५ को सरकारको सचिव

६८०

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।